जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजबिराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ५२ २०८३ साल असोज ३ गते शनिबार (19 Sep 2026 Saturday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : खाली आँगन, परदेशी ... ३ पृष्ठमा : फेरिदै व्यावसायिक रणनीति, ... ३ पृष्ठमा : पाकिस्तानमा बम ...

# एक लाख युवालाई रोजगारी सिर्जना गर्ने नीति सरकारले लिएको छ : श्रम मन्त्री यादव



**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

श्रम तथा रोजगार मन्त्री रामजी यादवले आन्तरिक र युवाहरूलाई स्वदेशमै रोजगारी उपलब्ध गराउने सरकारको प्राथमिकता रहेको बताएका छन् ।

सप्तरीको रूपनी गाउँपालिका ५ स्थित गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा श्रम तथा रोजगार कार्यालय जनकपुरधाम धनुषाको आयोजनामा निर्माण उद्योगमा कार्यरत श्रमिकहरूका लागि आयोजित एकदिने व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रममा बोल्दै मन्त्री यादवले यस्तो बताएका हुन् ।

मन्त्री यादवले रोजगारी सिर्जनाका लागि आवश्यक ऐन तथा नीति निर्माण गरी स्वदेशमै रोजगारीको अवसर सृजना गर्ने जिकिर गर्दै उनले भने "अब छिट्टै आवश्यक ऐन बनाएर आन्तरिक रोजगारी विस्तार गर्ने र कम्तीमा एक लाख युवालाई रोजगारी सिर्जना गर्ने नीति सरकारले लिएको छ ।"

विगतका सरकारले आन्तरिक रोजगारी सृर्जनातर्फ पर्याप्त काम गर्न नसक्दा युवाहरू रोजगारीका लागि विदेशिनु पर्ने अवस्था आएको आरोप समेत लगाए ।

कार्यक्रमका क्रममा मन्त्री यादवले सप्तरीको विकाससँग जोडिएका विभिन्न विषयमा पनि सरकारको योजनाबारे जानकारी गराए । गजेन्द्र नारायण सिंह अस्पताललाई ५० शैयाबाट १०० शैयामा स्तरोन्नति गर्ने प्रक्रिया अघि बढेको र अस्पतालका लागि ८० जना स्थायी कर्मचारीको दरबन्दी स्वीकृत भइसकेकाले आगामी दिनमा अस्पताल थप व्यवस्थित भएर सञ्चालन हुने विश्वास व्यक्त गरे ।

मन्त्री यादवले रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम अन्तिम चरणमा पुगेको बताउँदै छिट्टै टेन्डर प्रक्रिया पूरा गरी निर्माण कार्य सुरु गरिने जानकारी दिए ।

यसैगरी, गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रलाई पूर्ण रूपमा सञ्चालनमा ल्याई रोजगारीमुखी बनाउने प्रयास भइरहेको उनले बताए । आफ्नै पहलमा औद्योगिक क्षेत्रमा कपडा उत्पादन गर्ने उद्योग स्थापनाका लागि सम्बन्धित उद्योगीहरूले स्थलगत निरीक्षण गरिरहेको तथा ट्रान्सफर्मर र टायल उद्योग सञ्चालनका लागि समेत प्रक्रिया अघि बढिरहेको उनको भनाइ थियो ।

राजविराजस्थित कन्या छात्रावास सञ्चालनमा ल्याउन आवश्यक पहल गरी छिट्टै ताल्चा खोल्ने र बजेट व्यवस्थापन गर्ने प्रतिबद्धता पनि मन्त्री यादवले व्यक्त गरे ।

कार्यक्रममा रूपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादव र राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परविनले सप्तरीको औद्योगिक तथा विकास क्षेत्रका समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराएका थिए ।

## "राजविराजनगरवासीले अबको केही दिनमै लालपूर्जा पाउने छन्"

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

विगत ८५ वर्षदेखी लालपूर्जा पाउने आशमा रहेका राजविराजनगरवासीले अबको केही दिनमै लालपूर्जा पाउने भएका छन् ।

बिहीबार साँझ गृहजिल्ला आइपुगेका युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले दशैं अगावै सरकारले नगरवासीको माग सम्बोधन गर्न गृहकार्य अन्तिम चरणमा पुगेको जानकारी दिएका हुन् । मन्त्री यादवले दशैं अगावै बिटौरी जग्गावालालाई लालपूर्जा बितरण प्रक्रिया फास्ट ट्र्याकबाट सुरु भइसक्ने जानकारी समेत दिए ।

आफू गृहजिल्ला आउने बेलामा पनि भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रतिभा रावलसित राजविराजको बिटौरी जग्गाको समस्या बारे कुरा राखेको बताउँदै मन्त्री यादवले उनीबाट पनि प्रक्रिया अन्तिम चरणमा पुगेको र दशैं अगावै लालपूर्जा वितरण गर्ने भनी आफूलाई जानकारी दिएको उल्लेख गरे ।

जग्गाको मुल्याङ्कनका आधारमा ५ प्रतिशतले राजश्व शुल्क लिने भनी केन्द्रमा छलफल चलिरहेको भएपनि आफूले त्यसमा सकेसम्म अझ केही शुल्क कम गर्ने प्रयत्न गरिरहेको मन्त्री यादवको भनाई छ ।

लालपूर्जाका लागि पछिल्लो पटक लगातार ५१ दिनसम्म नगरवासीले आन्दोलन गरेपछी सरकारले केन्द्रबाट ५ सदस्यीय टोली पठाएर स्थलगत अध्ययन र आन्दोलनकारीसँग वार्ता गरी फर्केका थिए ।

बिटौरी शुल्क तिरेर आफ्नै लगानीमा भवन संरचना निर्माण गरी जग्गाको उपभोग गर्दै आएको भए ता पनि लालपूर्जा नहुँदा बैंक सितको कारोबार लगायतका अन्य गतिविधि गर्न कठिनाइ भोग्दै आएका नगरपालिका भित्रका ६८ विगहा क्षेत्रफलका ५ हजार २ सय ३५ परिवार समस्या झेल्दै आएका थिए ।

## लोककल्याणकारी विज्ञापनको रकम कटौतीविरुद्ध देशव्यापी आन्दोलन गर्ने महासंघको निर्णय

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

लोककल्याणकारी विज्ञापनको रकम कटौतीविरुद्ध नेपाल पत्रकार महासंघले असोज ५ गतेदेखी देशव्यापी आन्दोलन गर्ने निर्णय गरेको छ ।

महासचिव रामप्रसाद दाहालद्वारा शुक्रबार जारि विज्ञप्तिमा सूचना तथा सञ्चार मन्त्रीसमक्ष भदौ २५ गते राखिएको माग पूरा नभएको र समस्या समाधान नभएसम्म विज्ञापनबापतको बिल नबुझ्न विज्ञापन बोर्डलाई भदौ २१ गते गरिएको पत्राचारलाई समेत वेवास्ता गरिएको सम्बन्धमा महासंघका अध्यक्ष निर्मला शर्माको अध्यक्षतामा शुक्रबार बसेको सरोकारवालासहितको बैठकले तीन दिनभित्र माग पूरा नभए असोज ५ गते सोमबारबाट देशव्यापी आन्दोलनमा उत्रने निर्णय गरेको उल्लेख छ ।

सूचना तथा सञ्चार मन्त्रालयले छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३ मार्फत पत्रपत्रिकाले प्राप्त गरिरहेको विज्ञापनबापतको रकममा भारी कटौती गरेकोप्रति नेपाल पत्रकार महासंघले पूर्ण असहमति प्रकट गरेको विज्ञप्तिमा जनाइएको छ ।

यस्तै महालेखापरीक्षकको कार्यालयले लोककल्याणकारी विज्ञापनमा बेजुरु नदेखाएको र प्रेस काउन्सिल नेपालले लोककल्याणकारी विज्ञापनको रकममा हेरफेर तथा वृद्धिका सम्बन्धमा गरेको सिफारिससमेतका आधारमा समस्या समाधान गर्न शुक्रबार नै महासंघले पुनः मन्त्रीसमक्ष ध्यानाकर्षण पत्र बुझाइएको विज्ञप्तिमा जिकिर गरिएको छ ।

"महासंघ वार्ता र संवादमार्फत समस्या समाधान हुने विश्वास प्रकट गर्दछ । अन्यथा बैठकको निर्णय बमोजिम पहिलो चरणमा विभिन्न कार्यक्रमसहित हुने देशव्यापी आन्दोलनमा सहभागी हुन महासंघ मातहतका समितिहरु र सरोकारवाला सबैमा आह्वान गर्दछ ।" विज्ञप्तिमा उल्लेख छ ।

## गजेन्द्रनारायण सिंह अस्पतालमा ९ बुंदे अस्पताल सेवा सुधार कार्यक्रम लागु



**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

समस्यै समस्याले जकडिएको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा सुधारका लागी ९ बुँदे अस्पताल सुधार कार्यक्रम लागु गरिएको छ ।

अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा.रणजीत झाले विहवार देखी ९ बुंदे अस्पताल सेवा सुधार कार्यक्रम लागु गरेको जानकारी दिएका छन् ।

विहीवारदेखी लागु हुने गरी सार्वजनिक गरिएको अस्पताल सेवासुधार कार्यक्रममा आमा सुरक्षा कार्यक्रमको प्याकेज अन्तर्गत परेका सबै सेवासुविधा निःशुल्क उपलब्ध गराईने उल्लेख छ ।

यस्तै स्त्री तथा प्रसुति विभागमा अब २४ सै घण्टा महिला विशेषज्ञ चिकित्सकबाट सेवा उपलब्ध गराईने, ईर्मजेन्सी विभागमा ५ जना मेडिकल अधिकृत सहित आवश्यक जनशक्ती परिचालन गर्ने, ड्युटीमा समयमा कुनै पनि स्वास्थ्यकर्मी बाहिर जान नमिल्ने, विरामी र उनका आफन्तबाट आउने विभिन्न जिज्ञासा, गुनासा र सुझाव संकलनका लागी डेस्कको व्यवस्थापन गर्ने लगायतका विषयमा पनि अस्पताल सेवा सुधार कार्यक्रममा समेटिएको छ ।

सेवालाई जनमैत्री, पँहुचयोग्य र प्रभावकारी बनाउन जनस्वास्थ्य सेवा ऐन २०७५ र अस्पताल सुधार

*बाँकी अन्तिम पृष्ठमा*

संविधान दिवस भव्यरुपमा मनाऔं

❖ संविधान देशको मुल कानून हो,
❖ नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
❖ नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
❖ संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
❖ संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
❖ विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।

संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### रक्तदान गरौं

रक्तदान मानव सेवाको सबैभन्दा पुण्य र जीवनदायी कार्यमध्ये एक हो । मानिसको शरीरमा बन्ने रगतको कुनै कृत्रिम विकल्प छैन । त्यसैले दुर्घटना, प्रसूति, शल्यक्रिया, रक्तअल्पता तथा विभिन्न रोगका कारण रगत आवश्यक पर्ने बिरामीका लागि स्वेच्छिक रक्तदाता नै महत्वपूर्ण आधार हुन् । नेपालका विभिन्न अस्पतालमा समय-समयमा रगतको अभाव हुने गरेको पाइन्छ । विशेषगरी आकस्मिक अवस्थामा आवश्यक समूहको रगत तत्काल उपलब्ध नहुँदा बिरामी र उनका परिवारले ठूलो समस्या भोग्नुपर्छ । यस्तो अवस्थालाई कम गर्न नियमित र स्वेच्छिक रक्तदानको संस्कार विकास गर्न आवश्यक छ ।

रक्तदान गर्दा शरीर कमजोर हुन्छ वा स्वास्थ्यमा गम्भीर असर पर्छ भन्ने भ्रम अझै कतिपयमा रहेको पाइन्छ । स्वस्थ र योग्य व्यक्तिले चिकित्सकीय मापदण्डअनुसार रक्तदान गर्दा अरूको जीवन बचाउन महत्वपूर्ण योगदान पुग्छ । त्यसैले रक्तदानसम्बन्धी सही जानकारी समुदायस्तरमै पु¥याउनु आवश्यक छ । रक्तदानलाई केवल अभियान वा विशेष दिवसमा सीमित गर्नु हुँदैन । स्थानीय तह, अस्पताल, रेडक्रस, सामाजिक संघ-संस्था, युवा क्लब तथा नागरिक समाजले नियमित रक्तदान कार्यक्रम सञ्चालन गर्नुपर्छ । साथै रक्त समूहको अभिलेख व्यवस्थित गरी आपत्कालीन अवस्थामा आवश्यक रगत छिटो उपलब्ध हुने व्यवस्था मिलाउनुपर्छ ।

तसर्थ एक व्यक्तिले दिएको रगतले अर्को व्यक्तिको जीवनमा आशा जगाउन सक्छ । त्यसैले स्वस्थ र योग्य नागरिकले आफ्नो इच्छाअनुसार नियमित रक्तदान गर्ने संस्कार बसाल्नु आजको आवश्यकता हो । रक्तदान केवल रगत दिनु होइन, कसैलाई जीवन दिने मानवताको कार्य हो ।


**बाढी/पहिरोबाट सतर्क रहौं ।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# खाली आँगन, परदेशी सपना

**डा शोभाकर पराजुली**

काठमाडौँ, २ असोज (रासस) ।

बिहानको झिसमिसेमा नेपालको कुनै गाउँ सम्झौं । एउटा पुरानो घरको आँगनमा वृद्ध बुबा चुपचाप बसिरहेका छन् । भान्सामा आमा उठिसकेकी छिन् । चुलोमा आगो बलिरहेको छ । घरभित्र सबै कुरा छ, तर घरमा एउटा कुरा छैन-छोराछोरीको आवाज । कुनै समय यही घर बिहानैदेखि हाँसोले भरिन्थ्यो । कसैले आमासँग चिया माग्थ्यो, कसैले विद्यालय जान हतार गर्थ्यो, कसैले किताब खोज्थ्यो, कसैले बुबाको गाली खान्थ्यो । आज ती आवाजहरू सम्झनामा मात्र छन् । छोराको कोठा अझै उस्तै छ । दराजमा पुराना कपडा छन् । टेबलमा पुराना किताब छन् । भित्तामा बाल्यकालको फोटो छ । तर छोरा छैन । ऊ हजारौं किलोमिटर टाढा छ । घरमा पैसा आउँछ, मोबाइलमा फोन आउँछ, भिडियो कल आउँछ, तर छोरा आफैँ आउँदैन । आमा कहिलेकाहीँ छोराको कोठामा पस्छिन्, ओछ्यान मिलाउँछिन्, सिरानी छाम्छिन् र केही क्षण मौन बस्छिन् । उनलाई थाहा छ–छोरा विदेशमा छ । तर आमाको मनले दूरी बुझ्दैन। आमाको मनले केवल एउटा कुरा बुझ्छ-“मेरो छोरा घरमा छैन ।”

यो एउटा घरको कथा मात्र होइन । यो आजको नेपालको सामाजिक यथार्थ बन्दै गएको कथा हो । गाउँदेखि सहरसम्म, हिमालदेखि तराईसम्म, हजारौं घरका आँगनमा यस्तै प्रतीक्षा छ । कसैका छोरा वैदेशिक रोजगारीमा छन्, कसैकी छोरी उच्च शिक्षाका लागि विदेशमा छिन्, कसैको सन्तान पढ्न गएको थियो तर उतै काम गरेर बस्यो । घरमा पैसा आउँछ तर परिवारको सदस्य आउँदैन । बैंक खातामा रकम बढ्छ, तर आमाबुबाको काख खाली हुन्छ । नयाँ घर बन्छ, तर घरको एउटा कोठा सधैं अधुरो रहन्छ ।

हामीले रेमिट्यान्सको हिसाब राखेका छौँ, तर अनुपस्थित सन्तानका कारण खाली भएका घरहरूको हिसाब राखेका छैनौँ । हामीले विदेशी मुद्रा सञ्चितिको चर्चा गरेका छौँ तर वृद्ध आमाबुबाको एक्लोपनको आर्थिक र सामाजिक मूल्यबारे पर्याप्त चर्चा गरेका छैनौँ । कुनै समय नेपाली अभिभावकको सबैभन्दा ठूलो सपना छोराछोरीलाई राम्रो शिक्षा दिएर आफ्नै देशमा स्थापित गर्नु थियो । छोरा वा छोरीले राम्रो जागिर खाओस्, व्यवसाय गरोस्, आफ्नै घर बनाओस् र बुढेसकालमा आमाबुबाको सहारा बनोस् भन्ने चाहना हुन्थ्यो तर आज धेरै परिवारको सपना फेरिएको छ । विदेशको भिसा लाग्नु उपलब्धि भएको छ ।

विदेशको विश्वविद्यालयमा प्रवेश पाउनु प्रतिष्ठाको विषय भएको छ । छोरा अमेरिका, अष्ट्रेलिया, जापान, क्यानडा वा युरोप गएको खबर परिवारले गर्वका साथ सुनाउँछ । आफन्तहरू बधाई दिन्छन् । मिठाई बाँडिन्छ । सामाजिक सञ्जालमा फोटो राखिन्छ तर त्यही परिवारको अर्को छोरा नेपालमै बसेर उद्योग, कृषि, प्रविधि, अनुसन्धान वा व्यवसाय गरिरहेको छ भने प्रश्न उठ्छ–“विदेश जाने विचार छैन ?” यो सामान्य प्रश्नजस्तो देखिए पनि यसको पछाडि एउटा गम्भीर सामाजिक मनोविज्ञान छ । हामीले विस्तारै यस्तो धारणा बनाएका छौँ कि विदेश जानु सफलता हो र नेपालमै बस्नु विकल्पको अभाव हो । यही मानसिकता आजको समस्याको एउटा गहिरो जरा हो । विदेश जानु आफैँमा गलत होइन । संसार खुला छ ।

युवाले नयाँ देश हेर्न, राम्रो शिक्षा लिन, सीप सिक्न र अन्तरराष्ट्रिय अवसर खोज्न पाउनु स्वाभाविक हो । विदेशमा गएर मेहनत गर्ने नेपाली युवाले आफ्नो परिवार मात्र होइन, देशको अर्थतन्त्रमा पनि योगदान गरेका छन् । रेमिट्यान्सले लाखौं परिवारको जीवनस्तर सुधारिएको छ । शिक्षा, स्वास्थ्य, आवास र दैनिक उपभोगमा यसको ठूलो भूमिका छ । तर प्रश्न विदेश जानु सही वा गलत भन्ने होइन । प्रश्न यो हो-विदेश जानु अवसर हो कि बाध्यता ? यदि एउटा युवा नेपालमा पनि सम्मानजनक रोजगारी, उचित पारिश्रमिक, निष्पक्ष अवसर र भविष्यको आशा देखेर आफ्नो निर्णय गर्नसक्छ भने विदेश यात्रा अवसर हुन्छ । तर यदि उसले “यहाँ मेरो भविष्य छैन” भनेर पासपोर्ट निकाल्छ भने त्यो केवल व्यक्तिगत निर्णय होइन, राष्ट्रको गम्भीर सङ्केत हो । हामी प्रायः युवालाई दोष दिन्छौँ । “आजकलका युवामा देशप्रेम छैन”, “सबैलाई विदेश जान हतार छ”, “नेपालमा काम गर्न कोही चाहँदैन”- यस्ता टिप्पणी सहजै सुनिन्छन् तर हामीले अर्को प्रश्न कमै सोध्छौँ-युवाले नेपालमा भविष्य किन देख्न सकेन ? वर्षौं पढेपछि पनि रोजगारीको निश्चितता नहुनु, आफ्नो योग्यताअनुसार पारिश्रमिक नपाउनु, व्यवसाय सुरु गर्न अनेकौं अवरोध सामना गर्नुपर्नु, पुँजी र बजारको समस्या हुनु, नीतिगत अस्थिरता हुनु, योग्यताभन्दा पहुँच र चिनजानले अवसर पाउनु र भविष्यबारे विश्वास गर्न नसक्नुले युवाको मनमा निराशा जन्माउँछ । त्यसपछि उसले देश छोड्ने निर्णय गर्छ । त्यसैले युवा पलायनलाई केवल युवाको कमजोरीका रूपमा हेर्नु गलत हुनेछ । यो हाम्रो शिक्षा, अर्थतन्त्र, राजनीति, प्रशासन र सामाजिक संरचनाको सामूहिक परीक्षाको परिणाम पनि हो ।

विमानस्थलमा विदेश जाने युवाको दृश्य हेर्दा यो पीडा अझ स्पष्ट हुन्छ । हातमा पासपोर्ट, काँधमा झोला, आँखामा सपना र पछाडि आँसु लुकाइरहेका आमाबुबा । आमाले छोराको झोलामा अन्तिम पटक केही खोज्छिन् । “औषधि राख्यौ ?”, “पैसा पुग्छ ?”, “समयमा खाना खानू”– उनी निरन्तर प्रश्न गर्छिन् । वास्तवमा उनी यी प्रश्न सोधिरहेकी हुँदिनन्; उनी छोरासँग केही मिनेट अझ बढी कुरा गर्न चाहिरहेकी हुन्छिन् । उनले भन्न चाहेको मुख्य कुरा हुन्छ–“छोरा, मलाई छोडेर नजाउ ।” तर त्यो वाक्य उनी बोल्न सक्दिनन् । किनकि उनलाई थाहा छ, छोराको भविष्य खोज्न उ जानैपर्छ । बुबा पनि बलियो बन्न खोज्छन् । उनी छोराको काँधमा हात राखेर भन्छन्–“मेहनत गर्नू ।” तर मनभित्र भन्न चाहन्छन्–“पैसा कमाउनूभन्दा पहिले आफूलाई सुरक्षित राख्नू ।” छोरा विमानस्थलभित्र पस्छ । आमा बाहिर उभिरहन्छिन् । विमान उड्छ । आकाशमा त्यो विन्दु हराउँदै जान्छ तर आमाको आँखा त्यही दिशामा अड्किरहन्छ । त्यो क्षणमा विमानले एउटा युवा मात्र लिएर गएको हुँदैन; एउटा परिवारको दैनिक जीवनको एउटा हिस्सा पनि लिएर गएको हुन्छ ।

त्यसपछि सुरु हुन्छ प्रतीक्षाको जीवन । फोनको घण्टी बज्दा आमा झसङ्ग हुन्छिन् । मोबाइलमा विदेशी नम्बर देख्दा मुहार उज्यालिन्छ । “कस्तो छौं ?”–पहिलो प्रश्न यही हुन्छ । “म ठीक छु”–छोराको उत्तर आउँछ । आमाले पनि भन्छिन्–“म पनि ठीक छु ।” तर उनीहरू दुवैलाई थाहा हुन्छ, उनीहरू पूर्ण रूपमा ठीक छैनन् । आमालाई छोराको आवाज चाहिएको हुन्छ, छोरालाई आमाको काख तर दुईजनाबीच मोबाइलको स्क्रिन हुन्छ । दशैं आउँछ । घरमा टीका तयार हुन्छ । जमरा राखिन्छ । बुबा नयाँ कपडा लगाउँछन् । आमाले छोरा सम्झेर खाना बनाउँछिन् । मोबाइलमा भिडियो कल हुन्छ । छोराको अनुहार स्क्रिनमा देखिन्छ । आमाले मुस्कुराउँदै टीका लगाउन खोज्छिन् । औँला मोबाइलको स्क्रिनमा पुग्छ तर त्यो स्क्रिन निधार बन्न सक्दैन । आमाको हातमा टीका हुन्छ तर छोरा अगाडि हुँदैन । केही मिनेटपछि फोन काटिन्छ । स्क्रिन कालो हुन्छ । आमा केही बेर मोबाइल हेरेर बसिरहन्छिन् । त्यसपछि चुपचाप छोराको कोठामा जान्छिन् । ओछ्यानमा बस्छिन् । सिरानी छाम्छिन् । अनि आँसु पुछ्दै भन्छिन्–“कहिले आउँछौँ छोरा ?”

रेमिट्यान्सले यो पीडा मेटाउँदैन । पैसा आवश्यक छ । पैसा बिना परिवार चल्दैन । विदेशमा दुःख गरेर पठाएको पैसाले घर चल्छ, ऋण तिरिन्छ, शिक्षा हुन्छ, उपचार हुन्छ । त्यसैले वैदेशिक रोजगारीको योगदानलाई नकार्न मिल्दैन तर पैसाको एउटा सीमा हुन्छ । पैसाले घर बनाउन सक्छ, घरभित्रको हाँसो किन्न सक्दैन । पैसाले आमाको औषधि किन्न सक्छ, तर बिरामी हुँदा छोराको हात बन्न सक्दैन । पैसाले छोरीको पढाइ धान्न सक्छ, तर बाबुको काँधको स्थान लिन सक्दैन । पैसाले चाडपर्वको खर्च धान्न सक्छ तर दशैंमा आमाको हातबाट निधारमा लागेको टीकाको स्पर्श दिन सक्दैन । त्यसैले अब हामीले रेमिट्यान्सको हिसाबसँगै एउटा अर्को हिसाब पनि राख्नुपर्छ–हामीले पैसा कमाउँदा परिवारले कति समय गुमायो ?

शिक्षाका लागि विदेश जाने युवाको कथा पनि यस्तै छ । विदेशमा राम्रो शिक्षा, प्रविधि र अनुसन्धानको अवसर हुन्छ । युवाले आफ्नो क्षमता विकास गर्छ । धेरैले त्यहीँ रोजगारी पाउँछन् र अन्ततः आफ्नो भविष्य त्यहीँ निर्माण गर्छन् । नेपालले उनीहरूको बाल्यकालदेखि शिक्षामा लगानी गरेको हुन्छ । परिवारले आफ्नो जीवनभरको बचत खर्च गरेको हुन्छ तर अन्ततः उनीहरूको ज्ञान, सीप र उत्पादकत्वको ठूलो हिस्सा विदेशी अर्थतन्त्रमा प्रयोग हुन्छ । यसलाई केवल प्रतिभा पलायन भनेर चिन्ता गरेर पुग्दैन । नेपालले विदेशमा सिकेको ज्ञानलाई फर्केर प्रयोग गर्नसक्ने वातावरण सिर्जना गर्नुपर्छ । फर्किएका युवालाई अवसर, पुँजी, प्रविधि र बजारसँग जोड्नुपर्छ । उनीहरूलाई “किन फर्कियौँ ?” भनेर होइन, “अब नेपालमा के निर्माण गर्न चाहन्छौँ ?” भनेर सोध्नुपर्छ ।

युवा पलायनको सबैभन्दा गहिरो कारण बेरोजगारी मात्र होइन, आशाको अभाव हो । जब एउटा युवा मेहनत गरेपछि पनि आफ्नो भविष्य बदल्न सक्छु भन्ने विश्वास गुमाउँछ, तब देशप्रतिको सम्बन्ध कमजोर हुँदै जान्छ । राष्ट्रले आफ्ना नागरिकलाई केवल पूर्वाधार होइन, आशा पनि दिनुपर्छ । सडक, पुल, विमानस्थल र भवन आवश्यक छन् तर तीभन्दा महत्वपूर्ण कुरा युवाको मनमा रहेको विश्वास हो । “म नेपालमै बसेर पनि सफल हुन सक्छु” भन्ने विश्वास निर्माण गर्न नसक्ने देशले युवा रोक्न सक्दैन । त्यसैले समाधान युवालाई विदेश जान रोक्नु होइन, नेपाललाई युवाले बस्न चाहने देश बनाउनु हो । शिक्षा र रोजगारीबीचको सम्बन्ध बलियो बनाउनुपर्छ । प्राविधिक शिक्षा र सीपलाई सम्मानित बनाउनुपर्छ । उद्यमशीलताका लागि सहज वातावरण बनाउनुपर्छ । सूचना प्रविधि, जलविद्युत्, पर्यटन, कृषि, स्वास्थ्य, शिक्षा, डिजिटल सेवा र उद्योगमा ठूलो मात्रामा रोजगारी सिर्जना गर्नुपर्छ । अनुसन्धान र नवप्रवर्तनमा लगानी बढाउनुपर्छ । योग्यताभन्दा पहुँच ठूलो हुने संस्कार अन्त्य गर्नुपर्छ । राज्यका संस्थाप्रति विश्वास बढाउनुपर्छ । युवाले मेहनत गरेपछि अवसर पाउने र आफ्नो श्रमको सम्मान हुने वातावरण बनाउनुपर्छ ।

राजनीतिले पनि आत्मसमीक्षा गर्नुपर्छ । युवा केवल चुनावी भीड होइनन् । उनीहरू देशको वर्तमान हुन् । उनीहरूलाई भाषणमा भविष्य भनेर सम्बोधन गरेर मात्र पुग्दैन । नीति निर्माणमा उनीहरूको सहभागिता हुनुपर्छ । नेतृत्वमा अवसर दिनुपर्छ । योग्य र सक्षम युवालाई जिम्मेवारी दिनुपर्छ । देशमा बसेर केही गर्न चाहने युवालाई राजनीतिक पहुँचको होइन, क्षमता र इमानदारीको आधारमा अवसर दिने व्यवस्था हुनुपर्छ । राज्यप्रतिको विश्वास पुनर्निर्माण नगरी युवा पलायनको समस्या समाधान हुन सक्दैन । परिवार र समाजले पनि सफलताको परिभाषा बदल्नुपर्छ । विदेशमा काम गर्ने छोरा सफल हुनु गर्वको विषय हो तर नेपालमा उद्योग खोल्ने छोरा पनि सफल हो । विदेशमा पढ्ने छोरी उपलब्धि हो । तर नेपालमा अनुसन्धान गर्ने छोरी पनि उपलब्धि हो । विदेशबाट पैसा पठाउने युवा योगदानकर्ता हो । तर नेपालमा अरूलाई रोजगारी दिने युवा पनि राष्ट्रनिर्माता हो । समाजले नेपालमै बसेर निर्माण गर्ने युवालाई सम्मान गर्न थालेपछि मात्र विदेश जाने सामाजिक दबाब कम हुनेछ । “मेरो छोरा विदेशमा छ” भन्ने परिचयभन्दा “मेरो छोरा नेपालमा १० जनालाई रोजगारी दिन्छ” भन्ने परिचय पनि गर्वको विषय बन्नुपर्छ ।

हामीलाई अब यस्तो विकास चाहिन्छ जहाँ बैंक खातासँगै घरमा हाँसो पनि बढोस्, जहाँ पक्की घरसँगै परिवार पनि पक्की रूपमा जोडिएको होस्, जहाँ रेमिट्यान्ससँगै सम्बन्धको मूल्य बुझियोस्, जहाँ विदेश जाने बाटो खुला होस् तर नेपालमा बस्ने बाटो पनि त्यत्तिकै सम्भावनायुक्त होस् । साथै, जहाँ विदेशमा पढेको युवा फर्कन चाहोस्, जहाँ विदेशमा काम गरेको युवा आफ्नो अनुभव लिएर नेपालमा उद्यम गर्न चाहोस्, जहाँ आमाबुबाले छोराछोरीलाई बिदाइ गर्न मात्र होइन, स्वागत गर्न पनि विमानस्थल जान पाऊन् । एक दिन यस्तो हुनुपर्छ, जब एउटा आमा छोरालाई विमानस्थलमा बिदाइ गर्दै रोइरहनु नपरोस् । दशैंमा मोबाइलको स्क्रिनमा टीका लगाउन नपरोस् । बुबाले छोराको फोटो हेरेर एक्लै चिया पिउनु नपरोस् । छोराको कोठाको ढोका खोल्दा त्यहाँ पुरानो कपडा मात्र होइन, छोरा स्वयं भेटियोस् । आमाको हातमा टीका होस् र अगाडि छोराको निधार होस् । घरको आँगनमा फेरि छोराछोरीको हाँसो सुनियोस् । त्यो दिन केवल एउटा परिवार खुसी हुनेछैन । त्यो दिन एउटा राष्ट्रले आफ्नो भविष्य फिर्ता पाएको हुनेछ किनकि समृद्धि केवल प्रतिव्यक्ति आय बढ्नु होइन ।

समृद्धि भनेको वृद्ध आमाबुबाले बुढेसकालमा आफ्ना सन्तानको हात समात्न पाउनु पनि हो । विकास केवल अग्ला भवन र चौडा सडक होइन, विकास भनेको घरभित्रको खाली कुर्सी भरिनु पनि हो । सफलता केवल विदेशी भूमिमा राम्रो जीवन पाउनु होइन, सफलता आफ्नै देशको माटोमा उभिएर अरूका लागि अवसर निर्माण गर्नु पनि हो । आज नेपालको हरेक खाली आँगनले हामीलाई एउटा प्रश्न सोधिरहेको छ–“मेरो छोरा कहाँ छ ?”

हामीसँग सधैं “विदेशमा छ” भन्ने उत्तर हुनु हुँदैन । एक दिन हामीले गर्वका साथ भन्न सक्नुपर्छ–“उ यहीँ छ । यहीँ काम गर्दैछ । यहीँ सपना देख्दैछ । यहीँ आफ्नो परिवारसँग हाँस्दैछ र यहीँ नेपाल बनाउँदैछ ।”

त्यो दिन नेपालको वास्तविक पुनर्जागरण हुनेछ, आमाको प्रतीक्षा समाप्त हुनेछ, बुबाको खाली कुर्सी भरिनेछ, विदेशबाट आउने फोनभन्दा घरभित्रको आवाज ठूलो हुनेछ र त्यो दिन रेमिट्यान्सको रकमभन्दा सन्तानको उपस्थितिलाई ठूलो सम्पत्ति मानिनेछ र सायद कुनै बिहान एउटी वृद्ध आमा फेरि दुई कप चिया बनाउनेछिन् । एउटा आफ्ना लागि, अर्को छोराका लागि । यसपटक उनले दोस्रो कप चिया फाल्ने छैनन् किनकि छोरा घरमै हुनेछ । छोरा आमाको अगाडि बसेर चिया पिइरहेको हुनेछ । आमाले उसको अनुहार हेरिरहनेछिन् । केही बोल्न सक्ने छैनन् । केवल उसको हात समात्नेछिन् । अनि आँखाबाट आँसु झर्नेछ तर त्यो आँसु दुःखको हुनेछैन । त्यो आँसु वर्षौंको प्रतीक्षापछि आफ्नै सन्तानलाई घर फर्किएको देख्ने आमाको आँसु हुनेछ र त्यही दिन हामीले बुझ्नेछौँ–राष्ट्रको वास्तविक समृद्धि बैंकमा जम्मा भएको पैसामा मात्र होइन, आमाको काखमा फर्किएको सन्तानमा पनि हुन्छ । त्यो दिन खाली आँगन फेरि भरिएको हुनेछ ।

# फेरिँदै व्यावसायिक रणनीति, बदलिँदै विश्व

**रिसव गौतम**
काठमाडौं, २ असोज (रासस)।

व्यवसाय सानो होस् वा राष्ट्रिय सीमाभन्दा बाहिर फैलिएको बहुराष्ट्रिय कम्पनी होस्, आजको विश्वमा सफल हुन केवल राम्रो वस्तु उत्पादन गरेर वा सेवा उपलब्ध गराएर मात्र पुग्दैन। बजार कुन दिशातर्फ गइरहेको छ ? उपभोक्ताको रुचि कसरी बदलिँदैछ ? प्रतिस्पर्धाले कस्तो अवस्था सिर्जना गर्दैछ ? प्रविधिले व्यवसायको स्वरूपलाई कसरी परिवर्तन गरिरहेको छ ? र विश्व अर्थतन्त्रमा देखिएका राजनीतिक तथा भू-राजनीतिक उतारचढावले व्यवसायमा कस्तो असर पार्न सक्छ भन्नेजस्ता विषयको सूक्ष्म विश्लेषण गरेर अघि बढ्नुपर्ने अवस्था छ। एक समय व्यावसायिक रणनीति भन्नाले बजार, मूल्य, उत्पादन र प्रतिस्पर्धासँग सम्बन्धित योजना बुझिन्थ्यो। अहिले त्यसको अर्थ धेरै फराकिलो भइसकेको छ। कृत्रिम बुद्धिमत्ता (एआई), डिजिटल प्रविधि, ई-कमर्स, साइबर सुरक्षा, हरित अर्थतन्त्र, आपूर्ति शृङ्खला, जलवायु परिवर्तन, भू-राजनीतिक तनाव र व्यापारिक संरक्षणवाद व्यावसायिक रणनीतिकै हिस्सा बनिरहेका छन्।

विश्व व्यापार सङ्गठन (डब्ल्युटीओ) का अनुसार सन् २०२५ मा विश्व वस्तु व्यापारको मात्रा ४.६ प्रतिशतले बढ्यो भने सेवाको व्यापार ५.३ प्रतिशतले विस्तार भयो। विश्व वस्तु तथा सेवा व्यापारको मूल्य करिब ३४.६५ ट्रिलियन अमेरिकी डलर पुगेको छ। तर २०२६ मा व्यापार वृद्धिको गति केही सुस्त हुने प्रक्षेपण गरिएका छन्। मध्यपूर्वको लम्बिएको द्वन्द्व, ऊर्जा मूल्य, व्यापारिक अनिश्चितता र आपूर्ति शृङ्खलामाथिको निरन्तरको दबाबले विश्व व्यापारलाई प्रभावित गरिरहेको छ। अर्कोतर्फ, एआईसँग सम्बन्धित वस्तुको मागले भने विश्व व्यापारलाई नयाँ गति दिइरहेको छ। यसको अर्थ स्पष्ट छ, अब विश्व बजार स्थिर छैन। आज सफल देखिएको व्यावसायिक मोडल भोलि नै अप्रासङ्गिक हुन सक्छ। त्यसैले रणनीति पनि स्थिर दस्तावेज होइन, निरन्तर परिमार्जन गरिरहनुपर्ने व्यवस्थापनको निरन्तर प्रक्रिया हो।

**बदलिँदो व्यावसायिक रणनीति**

विश्व आर्थिक मञ्चको 'फ्युचर अफ जब्स रिपोर्ट २०२५' ले सन् २०३० सम्म विश्वमा १७ करोड नयाँ रोजगारी सिर्जना हुने तर नौ करोड २० लाख रोजगारी विस्थापित हुनसक्ने प्रक्षेपण गरेको छ। अर्थात् एआईको बढ्दो दबदबा, स्वचालन र बदलिँदो आर्थिक संरचनाले करिब २२ प्रतिशत रोजगारीलाई कुनै न कुनै रूपमा प्रभावित गर्नेछ।

त्यसैगरी, करिब ४० प्रतिशत सीप परिवर्तन हुने र ६३ प्रतिशत रोजगारदाताले सीप अभावलाई व्यवसाय रूपान्तरणको प्रमुख अवरोधका रूपमा लिएको रिपोर्टले देखाएको छ। अझ महत्वपूर्ण कुरा के छ भने ८६ प्रतिशत रोजगारदाताले सन् २०३० सम्म एआई र सूचना प्रशोधन प्रविधिले व्यवसायलाई रूपान्तरण गर्ने अपेक्षा गरेका छन्। करिब आधा कम्पनीले एआईका कारण नयाँ अवसर खोज्न आफ्नो व्यवसायको दिशा परिवर्तन गर्ने योजना बनाएका छन्।

यस अवस्थामा नेपाली व्यवसायीले पनि पुरानै ढाँचाको व्यावसायिक सोचबाट अघि बढेर हुँदैन। ग्राहक पसलमा आउला र सामान किन्ला भन्ने मानसिकताबाट अब ग्राहकले संसारको जुनसुकै कुनाबाट वस्तु तथा सेवा प्राप्त गर्न सक्छ भन्ने वास्तविकतालाई स्वीकार गर्नुपर्ने हुन्छ। मोबाइल फोनको एउटा स्क्रिनले आज काठमाडौंको उपभोक्तालाई दिल्ली, दुबई, बैंकक, ग्वाङ्झाउ वा न्युयोर्कका उत्पादनसँग एउटै क्षणमा जोडिदिन्छ। यस्तो बजारमा नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न मूल्य मात्र होइन, गुणस्तर, ब्रान्ड, डिजाइन, वितरण, ग्राहक अनुभव र विश्वासमा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ। त्यसैले रणनीति अब केवल 'के बेच्ने ?' भन्ने प्रश्न होइन, 'कसलाई बेच्ने, कहाँ बेच्ने, कसरी बेच्ने, किन ग्राहकले हामीबाटै किन्ने र भोलि बजार बदलिँदा हामी कसरी बदलिने ?' भन्ने प्रश्नको समग्र उत्तर हो।

**खुला बजारमा प्रतिस्पर्धामा सूचनाको शक्ति**

प्रतिस्पर्धात्मक बजारमा आफूले के गर्दैछु भन्ने कुरा अरुलाई थाहा नदिनु रणनीतिक व्यवस्थापनको महत्वपूर्ण पक्ष हो तर आधुनिक व्यवसायमा 'व्यावसायिक जासुसी'को स्वरूप पनि बदलिएको छ। पहिले प्रतिस्पर्धीको कार्यालय, कर्मचारी वा कागजी सूचना खोजिन्थ्यो भने अहिले डिजिटल प्रणाली, साइबर आक्रमण, डेटा चोरी, सामाजिक सञ्जाल र बजार विश्लेषणमार्फत प्रतिस्पर्धीको रणनीति बुझ्ने प्रयास हुनसक्छ। यसको अर्थ व्यावसायिक गोपनीयता अब फाइलमा राखिएको कागज जोगाउनु मात्र होइन। ग्राहकको डेटा, सफ्टवेयर, आपूर्ति शृङ्खला, उत्पादनको डिजाइन, मूल्य निर्धारण प्रणाली, डिजिटल पासवर्डदेखि कम्पनीको भविष्यको व्यावसायिक योजनासम्म सुरक्षित राख्नु पनि रणनीतिक व्यवस्थापन हो।

विशेषतः नेपाल जस्तो सानो र सीमित बजारमा एउटै दक्ष कर्मचारीले अर्को कम्पनीमा प्रवेश गर्दा ज्ञान, ग्राहक सम्बन्ध र बजारको अनुभवसमेत सँगै लैजान सक्छ। त्यसैले मानव-संशाधन व्यवस्थापन पनि अब व्यावसायिक रणनीतिको महत्वपूर्ण हिस्सा बन्नुपर्छ। नेपालको सबैभन्दा ठूलो समस्या बजारको अभाव मात्र पनि होइन। बजारलाई रणनीतिक रूपमा उपयोग गर्न नसक्नु समस्या हो।

नेपाल राष्ट्र बैंकका अनुसार आव २०८२/८३ मा विप्रेषण आप्रवाह २३ खर्ब ६३ अर्ब रुपैयाँ पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब ३५.८ प्रतिशत बराबर हो। तर यति ठूलो बाह्य आम्दानी भएको अर्थतन्त्रमा उत्पादन र निर्यातको आधार निकै कमजोर छ। अझ व्यापारतर्फ हेर्ने हो भने समस्या झनै डरलाग्दो छ। भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार आव २०८२/८३ मा नेपालको कुल निर्यात व्यापार रु तीन खर्ब १५ अर्ब २९ करोड र कुल आयात व्यापार रु २० खर्ब ९६ अर्ब ३७ करोड रहेको छ। सो अवधिमा कुल व्यापार घाटा मात्रै रु १७ खर्ब ८१ अर्ब आठ करोड पुगेको थियो।

यो तथ्याङ्कले नेपालको अर्थतन्त्रले उत्पादन गरेर विश्वबजार जित्ने रणनीति बनाइरहेको छ कि उपभोगका लागि बाह्य बजारमा निर्भर हुने संरचना मात्रै विकास गरिरहेको छ भन्ने प्रश्न जन्माएको छ। यद्यपि कोरोना महामारीपछि नेपालको निर्यात व्यापारले केही गति लिन थालेको छ। निर्यात बढ्नु सकारात्मक हो तर निर्यातको ठूलो हिस्सा सीमित वस्तु, सीमित बजार र कतिपय अवस्थामा पुनःप्रशोधन तथा पुनःनिर्यातमा आधारित हुनु दीर्घकालीन समाधान होइन। विश्व बैंकले पनि नेपालका प्राथमिक निर्यात वस्तुको प्रदर्शन कमजोर रहेको र कमजोर पूर्वाधार, कठिन व्यावसायिक वातावरण तथा शुल्क संरचनाले निर्यात विस्तारमा अवरोध गरिरहेको औंल्याएको छ। यसैले अब नेपालले 'निर्यात बढाउने' सामान्य नारा मात्र होइन, कुन वस्तुमा प्रतिस्पर्धात्मक लाभ हासिल गर्ने, कुन देशको बजार प्रवेश गर्ने र कसरी विश्व आपूर्ति शृङ्खलामा जोडिने भन्ने स्पष्ट रणनीति बनाउनुपर्छ।

**व्यापारमा चीनबाट सिक्नुपर्ने पाठ**

चीनको आर्थिक रूपान्तरणलाई केवल सस्तो उत्पादनको परिणामका रूपमा बुझ्नु अपूर्ण हुन्छ। चीनले दशकौंसम्म पूर्वाधार, औद्योगिक क्षमता, निर्यात, प्रविधि, मानव पुँजी र विश्वबजारसँगको सम्बन्धलाई एउटै दीर्घकालीन रणनीतिको हिस्सा बनाएर अघि बढायो। सन् २०२५ मा चीनको निर्यात करिब ५.५ प्रतिशतले बढेको राष्ट्रसङ्घीय व्यापार तथा विकाससम्बन्धी तथ्याङ्कले देखाउँछ।

विश्व व्यापारमा चीनको प्रभाव उत्पादनको ठूलो परिमाणसँगै आपूर्ति शृङ्खला, प्रविधि र विश्वबजारमा स्थापित व्यापारिक सम्बन्धका कारण पनि बनेको हो। चीनको सफलताको महत्वपूर्ण पक्ष भनेको केवल आफ्नो घरेलु बजारका लागि उत्पादन नगरी संसारको कुन बजारमा कस्तो उत्पादन आवश्यक छ ? त्यहाँका उपभोक्ताको क्रयशक्ति कति छ ? कुन वस्तुको माग बढ्दैछ र कुन प्रविधि भविष्यमा महत्वपूर्ण हुनेछ ? भन्ने कुरालाई आधार बनाएर उत्पादन तथा निर्यात संरचना चीनले विकास गर्‍यो।

नेपालका लागि यसको अर्थ चीनको नक्कल गर्नु होइन। नेपालको आफ्नै भौगोलिक, जनसाङ्ख्यिक, प्राकृतिक र आर्थिक विशेषता छन् तर चीको रणनीतिक सोचबाट सिक्न सकिन्छ। नेपालले जलविद्युत्, पर्यटन, जडीबुटी, कृषि, सूचना प्रविधि, डिजिटल सेवा, हस्तकला, खाद्य प्रशोधन, उच्च मूल्यका कृषि उत्पादन तथा हरित अर्थतन्त्रमा आफ्नो विशिष्ट क्षमता पहिचान गरेर अन्तरराष्ट्रिय बजारसँग जोड्न सक्छ।

नेपालमा विकासका ठूला आयोजना वर्षौंदेखि चर्चामा छन्। आयोजना घोषणा हुन्छ, अध्ययन हुन्छ, राजनीतिक बहस हुन्छ, बजेट छुट्याइन्छ, तर निर्माणको गति अपेक्षित हुँदैन। यसले विकासको अर्को महत्वपूर्ण पक्ष उजागर गर्छ रणनीति भनेको आयोजना घोषणा गर्नुमात्र होइन, परिणाम हासिल गर्ने संस्थागत क्षमता विकास गर्नु पनि हो।

विश्व बैंकले २०२६ मा प्रकाशित नेपाल विकास अपडेटमा नेपालको निजी क्षेत्र विकासमा संरचनागत अवरोध रहेको, निजी लगानी कमजोर रहेको र पूर्वाधार निर्माणमा ढिलाइले आर्थिक गतिविधिलाई प्रभावित गरेको उल्लेख छ।

यद्यपि जलविद्युत्मा भएको प्रगति आशाको महत्वपूर्ण आधार हो। आव २०८२/८३ को पहिलो अर्धवार्षिक अवधिमै करिब ३८५ मेगावाट नयाँ जलविद्युत् क्षमता राष्ट्रिय ग्रिडमा थपिएको विश्व बैंकले जनाएको छ। आगामी वर्षमा पनि जलविद्युत् विस्तार नेपालको औद्योगिक गतिविधिको महत्वपूर्ण आधार बन्ने अपेक्षा गरिएको छ तर हालै रसुवामा आएको भोटेकोशी नदीमा आएको बाढीले जलविद्युत् क्षेत्रमा तीन खर्बभन्दा बढी क्षति भएको सरकारी अनुमान छ। फलस्वरुप ९०० मेगावाटभन्दा बढी जलविद्युत् उत्पादन प्रभावित बनेको छ। फलस्वरुप भारत तथा बङ्गलादेश निर्यात हुँदै आएको विद्युत् सेवासमेत प्रभावित छ तर रसुवामा जडित विद्युत् कम्पनीहरु फेरि उठ्ने र उत्पादनमा सक्षम हुने पक्का छ।

नेपालले अब विकासलाई 'छरिएका आयोजना'का रूपमा होइन, राष्ट्रिय व्यावसायिक रणनीतिका रूपमा हेर्नुपर्छ। पहिलो, नेपालले केही निश्चित क्षेत्रमा आफ्नो प्रतिस्पर्धात्मक क्षमता पहिचान गर्नुपर्छ। सबै वस्तु उत्पादन गरेर सबै बजारमा बेच्ने रणनीति कुनै सानो अर्थतन्त्रका लागि सम्भव हुँदैन। सीमित स्रोतलाई उच्च सम्भावना भएका क्षेत्रमा केन्द्रित गर्नुपर्छ। दोस्रो, निजी क्षेत्रलाई केवल कर तिर्ने संस्थाका रूपमा होइन, आर्थिक वृद्धिको प्रमुख साझेदारका रूपमा हेर्नुपर्छ। विश्व बैंकले पनि निजी क्षेत्र नेतृत्वको वृद्धि, व्यावसायिक वातावरण सुधार, आधारभूत पूर्वाधार विकास र निजी वित्त परिचालनलाई नेपालको आर्थिक लचकता तथा रोजगारी सिर्जनाका लागि महत्वपूर्ण मानेको छ।

तेस्रो, नेपाली उत्पादनलाई 'नेपालमा बनेको' भन्ने पहिचानबाट विश्व बजारमा प्रतिस्पर्धा गर्नसक्ने ब्राण्डमा रूपान्तरण गर्नुपर्छ। सगरमाथा, लुम्बिनी, हिमालय, जैविक विविधता वा नेपाली मौलिक संस्कृतिलाई केवल पर्यटनको प्रचारमा सीमित नराखी ब्राण्डिङको हिस्सा बनाउन सकिन्छ। चौथो, एआई र डिजिटल प्रविधिलाई नेपालले जोखिमका रूपमा मात्र होइन, अवसरका रूपमा हेर्नुपर्छ। संसारभर एआईसँग सम्बन्धित वस्तु तथा सेवाले व्यापारको नयाँ क्षेत्र निर्माण गरिरहेका अवस्थामा नेपालले सफ्टवेयर, डिजिटल सेवा, फिनटेक, आउटसोर्सिङ, डेटा सेवा, रचनात्मक उद्योग तथा ज्ञानमा आधारित सेवाको निर्याततर्फ रणनीतिक ध्यान दिन सक्छ।

विश्व व्यापारमा सन् २०२५ मा एआईसँग सम्बन्धित वस्तुको तीव्र मागले समग्र व्यापार वृद्धिमा ठूलो योगदान दिएको डब्ल्युटीओको तथ्याङ्कले देखाउँछ। पाँचौं, रणनीति बनाउने मात्र होइन, त्यसको कार्यान्वयन नाप्ने प्रणाली विकास गर्नुपर्छ। कति आयोजना सुरु भए भन्ने होइन। कति सम्पन्न भए ? कति रोजगारी सिर्जना भयो ? कति विदेशी मुद्रा आर्जन भयो ? कति निजी लगानी आयो र उत्पादनशीलता कति बढ्यो भन्ने आधारमा सफलताको मूल्याङ्कन गर्नुपर्छ।

**असाधारण व्यावसायिक प्रतिस्पर्धा र नेपाल**

आजको विश्वमा सामान्य काम गरेर असाधारण परिणाम प्राप्त गर्ने समय सकिँदै गएको छ। प्रविधिले प्रतिस्पर्धाको लागत घटाएको छ तर प्रतिस्पर्धाको तीव्रता बढाएको छ। एउटा सानो कम्पनीले पनि सामाजिक सञ्जालमार्फत विश्वबजारमा प्रवेश गर्न सक्छ तर त्यही विश्वबजारमा हजारौं कम्पनीसँग एकैसाथ प्रतिस्पर्धा पनि गर्नुपर्छ। डिजिटल पहुँच, एआई, हरित सङ्क्रमण, भू-राजनीतिक विभाजन र आर्थिक अनिश्चितता आगामी वर्षका व्यावसायिक रणनीतिका मुख्य चालक बन्ने विश्व आर्थिक मञ्चको निष्कर्ष छ। त्यसैले अब व्यवसायको रणनीति बजारमा प्रतिस्पर्धीलाई हराउने मात्र हुनुहुँदैन।

बदलिँदो विश्वसँग आफूलाई पनि बदल्ने क्षमता विकास गर्नु रणनीतिक सफलताको पहिलो शर्त बन्न पुगेको छ। नेपालका लागि यो झन् महत्वपूर्ण छ। हाम्रो अर्थतन्त्रको आकार सानो छ, आन्तरिक बजार सीमित छ र बाह्य निर्भरता उच्च छ। तर हामीसँग स्पष्ट प्राथमिकता, दीर्घकालीन दृष्टि र कार्यान्वयन गर्ने संस्थागत क्षमता भयो भने यही कमजोरीलाई अवसरमा बदल्न सकिन्छ। विकास भनेको केवल सडक, पुल, विमानस्थल वा जलविद्युत् आयोजना निर्माण गर्नु मात्र होइन। विकास भनेको त्यस्ता संरचना निर्माण गर्नु हो, जसले उत्पादन बढाउँछ, निजी लगानी आकर्षित गर्छ, रोजगारी सिर्जना गर्छ, निर्यात बढाउँछ र मुलुकलाई विश्व अर्थतन्त्रमा प्रतिस्पर्धी बनाउँछ। त्यसैले अब नेपालले विकासको गति मात्र होइन, विकासको दिशा पनि बदल्नुपर्छ।

## विश्व समाचार

### पाकिस्तानमा बम विस्फोटमा ६ सैनिकको मृत्यु

इस्लामावाद, २ असोज (रासस/एपी)।

उत्तरपश्चिमी पाकिस्तानमा सडक किनारमा राखिएको बम सुरक्षा बलको सवारीमाथि विस्फोट हुँदा छ जना सैनिकको मृत्यु भएको छ। घटनापछि सुरक्षा बलले गरेको छुट्टाछुट्टै कारबाहीमा पाकिस्तानी तालिबानका सदस्य रहेको आशङ्का गरिएका १० जना आतङ्ककारी मारिएको पाकिस्तानी सेना र प्रहरीले शुक्रबार जनाएको छ। खैबर पख्तुनख्वा प्रान्तको हङ्गु जिल्लामा बिहीबार सुरक्षा बलको सवारीलाई लक्षित गरी बम विस्फोट गराइएको स्थानीय अधिकारीहरूले बताएका छन्। विस्फोटमा छ सैनिकको मृत्यु भएको पुष्टि गरिएको छ। सेनाका अनुसार उत्तरी वजीरिस्तान र हङ्गु जिल्लामा बिहीबार गरिएको विभिन्न गुप्तचर सूचनामा आधारित कारवाहीका क्रममा सन्दिग्ध आतङ्ककारी लुकेका स्थानमा छापा मारिएको थियो। ती कारबाहीमा १० जना आतङ्ककारी मारिएको सेनाले विज्ञप्तिमार्फत जनाएको छ। सेनाले मारिएका व्यक्तिलाई 'ख्वारिज' भनेको छ। पाकिस्तानी सरकारले तहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) का सदस्यलाई जनाउन उक्त शब्द प्रयोग गर्दै आएको छ। टिटिपी अफगानिस्तानमा सन् २०२१ मा पुनः सत्तामा आएको तालिबानबाट अलग सङ्गठन भए पनि दुवैबीच सम्बन्ध रहेको बताइन्छ। पाकिस्तानमा यस वर्ष पनि सुरक्षा बलमाथि भएका विभिन्न आक्रमणमा सैनिक मारिएका छन्। गत जुनमा आतङ्ककारीसँग भएको भिडन्तमा पाकिस्तान रेन्जर्सका तीन सैनिक मारिएका थिए भने चार जना घाइते भएका थिए। पाकिस्तानले अफगानिस्तानमा रहेको तालिबान सरकारमाथि टिटिपीलाई आश्रय दिएको र सीमापारबाट हुने आतङ्कवादी आक्रमण रोक्न पर्याप्त कदम नचालेको आरोप लगाउँदै आएको छ। अफगानिस्तानको राजधानी काबुलस्थित सरकारले भने पाकिस्तानका यस्ता आरोपलाई पटक-पटक अस्वीकार गर्दै आएको छ।

### फिलिपिन्सको विद्यालयमा गोली हानाहान, दुईको मृत्यु

मनिला, २ असोज (रासस/एएफपी)।

दक्षिणी फिलिपिन्सको एउटा विद्यालयमा शुक्रबार एक विद्यार्थीले गरेको घातक आक्रमणमा कम्तीमा दुई जनाको हत्या गरेको अधिकारीहरूले जनाएका छन्। स्थानीय उद्धारकर्ताहरूले मिन्डानाओको दक्षिण कोटाबातो प्रान्तको बङ्गा नेशनल उच्च माध्यमिक विद्यालयमा भएको गोली हानाहानको बारेमा जानकारी प्राप्त भए पछि घटनास्थलमा पुग्दा एक पुरुष र एक महिलाको मृत्यु भईसकेको जनाएका छन्। उनीहरुका अनुसार दुवै जना कक्षा ९ का विद्यार्थीहरू आपदा एजेन्सीका कर्मचारी रिजाली डेडेललाई उद्दृत गर्दै एएफपीले जनाएको छ। दक्षिण कोटाबातो प्रान्तीय गभर्नर रेनाल्डो तामायोले बन्दुकधारी पीडितको सहपाठी भएको बताउँदै त्यस स्कुलको कक्षा नौं को विद्यार्थी रहेको प्रष्ट पर्नु भएको छ। बन्दुकको गोलीले घाइते भएका कम्तीमा तीन जनाको स्थानीय अस्पतालमा उपचार भइरहेकोसमेत उहाँले बताउनुभयो। तमायोले बन्दुकधारीले हाते बन्दुक प्रयोग गरेर एक्लैले यस्तो घटना घटाएको बताउनुभएको छ। बङ्गाका मेयर अल्बर्ट पालेन्सियाले छुट्टै रेडियो अन्तर्वार्तामा शिक्षा विभागका अधिकारीहरूका छोरा तथा घटनाका सन्दिग्धले घरबाट बन्दुक लिएको बताउनुभयो। कक्षा ९ का विद्यार्थीले दुईजना साथीलाई लन्चपछि तुरुन्तै घटना घटाउने आफ्नो योजनाबारे चेतावनी दिएकोसमेत उहाँले बताउभयो प्रहरीले हालसम्म बन्दुकधारीको उमेर पुष्टि गर्न नसकेको जनाइएको छ। सामाजिक सञ्जाल फेसबुकमा पोस्ट गरिएको र एएफपीले प्रसारण गरेको भिडियोमा, एक व्यक्तिले स्कुलबाट घाइते बालक जस्तो देखिने वस्तु बोकेको देख्न सकिन्छ। मिन्दानाओको अर्को विद्यालयमा आत्महत्या गर्नु अघि एकजना विद्यार्थीले आफ्ना साथीलाई गोली हानेर आत्महत्या गरेको प्रत्यक्ष प्रसारण गरेको एक महिनापछि शुक्रबार यो गोलीकाण्ड भएको हो। सुरक्षा बलियो बनाउन यस महिना फिलिपिन्समा प्रत्यक्ष सुटर अभ्यास गरिएको थियो। पालेन्सियाले शुक्रबार बङ्गाका बन्दुकधारीका आमाबाबु त्यहाँ अभ्यासमा संलग्न रहेको पनि बताउनुभएको छ।

### घृणापूर्ण भाषणविरुद्ध प्रयास दोब्बर गर्न गुटेरेसको आह्वान

न्युयोर्क, २ असोज (रासस/एएनआई)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले डिजिटल माध्यम र कृत्रिम बौद्धिकता (एआई) सहितका नयाँ प्रविधिबाट घृणापूर्ण भाषण तीव्र रूपमा फैलिरहेको भन्दै त्यसविरुद्ध सरकार, प्रविधि कम्पनी र नागरिक समाजले प्रयास दोब्बर बनाउनुपर्ने बताउनुभएको छ। न्युयोर्कमा बिहीबार आयोजित अन्तरधर्मीय तथा अन्तरसांस्कृतिक संवाद र सहिष्णुता प्रवर्द्धनसम्बन्धी विश्वव्यापी सम्मेलनलाई सम्बोधन गर्दै उहाँले घृणापूर्ण भाषणले विश्वास कमजोर बनाउने, समुदाय विभाजित गर्ने र विभिन्न समूहलाई अमानवीय व्यवहारतर्फ धकेल्ने बताउनुभयो। जातिवाद, महिलाविरोधी घृणा, विदेशीप्रतिको द्वेष तथा यहुदी र मुस्लिमविरोधी घृणासहित धार्मिक तथा जातीय समूहविरुद्धको भेदभाव बढिरहेको उहाँले उल्लेख गर्नुभयो। गुटेरेसले घृणापूर्ण भाषणले आफ्नो गम्भीर स्वरूपमा हिंसा भड्काउने, द्वन्द्व निम्त्याउने तथा नरसंहार, मानवताविरुद्धका अपराध, युद्ध अपराध र जातीय सफाइजस्ता गम्भीर अपराधलाई बढावा दिन सक्ने चेतावनी दिनुभयो। अनलाइन र अफलाइन दुवै माध्यममा घृणाको सामूहिक अस्वीकृति आवश्यक रहेको उहाँको भनाइ थियो। उहाँले घृणाको मूल कारण र त्यसलाई बढावा दिने तत्व सम्बोधन गर्नुका साथै राष्ट्र, संस्कृति र धर्मबीच संवाद सुदृढ गर्नुपर्ने बताउनुभयो। यस्ता प्रयासमा महिला, पुरुष, युवा, धार्मिक तथा सामुदायिक नेता, आदिवासी र अल्पसङ्ख्यक समुदायको सहभागिता आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो। घृणापूर्ण सन्देशको सामना गर्न शिक्षा विस्तार, पीडितलाई थप सहयोग, सरकारको बलियो प्रतिबद्धता र प्रविधि कम्पनीको जवाफदेहिता बढाउनुपर्नेमा महासचिव गुटेरेसले जोड दिनुभयो। अभिव्यक्ति स्वतन्त्रता संरक्षण गर्नु आवश्यक भए पनि त्यसलाई अरूलाई हानि पुर्‍याउने वा घृणा फैलाउने बहाना बनाउन नहुने उहाँले बताउनुभयो। उहाँले संयुक्त राष्ट्रसङ्घको घृणापूर्ण भाषणसम्बन्धी रणनीति तथा कार्ययोजनाले शिक्षा, साझेदारी, पैरवी र प्रतिवादका प्रयासलाई मार्गदर्शन गरिरहेको जानकारी दिनुभयो। साथै, धार्मिक स्थलको सुरक्षा सुनिश्चित गर्न सदस्य राष्ट्रहरू सहयोग गर्ने संयुक्त राष्ट्रसङ्घको कार्ययोजनाको उल्लेख गर्दै उहाँले वर्तमान र भावी पुस्ताका लागि सहिष्णुता तथा शान्तिपूर्ण सहअस्तित्व प्रवर्द्धन गर्नुपर्ने बताउनुभयो।

# जन ज्योतीले सुरु गऱ्यो कृषि यान्त्रिककरण परियोजना कार्यक्रम





**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**
राजविराजस्थित जन ज्योती कृषि सहकारी संस्था राजविराजले आफ्नो १५औं स्थापना दिवसको अवसर पारेर कृषि यान्त्रिककरण (कम्पाईन हारवेस्टर, ट्याक्टर) परियोजना कार्यक्रमको थालनी गरेको छ ।

असोज १ गते विश्वकर्मा पूजाको अवसरमा संस्थाको कार्यालयमा आयोजित एक विशेष कार्यक्रमबीच उक्त परियोजनाको थालनी गरेको हो ।

राजविराज वडा नं. ९ का अध्यक्ष जवाहर यादवको प्रमुख आतिथ्य तथा संस्थाका अध्यक्ष विश्वनाथ मण्डलको अध्यक्षता आयोजित कार्यक्रममा कृषि ज्ञानकेन्द्र राजविराजका निर्वतमान वाली विज्ञ अधिकृत दिनेश यादव, संचालकका कोषाध्यक्ष सुरेन्द्र यादव, सचिव टुनालाल कर्ण, सदस्य रंजु देवी मेहता तथा किसानहरुको उपस्थिति रहेको थियो ।

संस्थाले जिल्लास्थित महिला, जनजाति, किसान, युवा, व्यापारीआदि पिछिडिएका वर्गलाई संस्थामा आवद्धता गराइ वित्तिय शिक्षा मार्फत वित्तिय तथा गैरवित्तिय सेवा प्रदानका साथै विभिन्न किसिमका सीपको विकास दिई व्यवसाय उन्नमुख गराउदै आएको संस्थाका अध्यक्ष मण्डलले जानकारी दिए ।

सहकारी मुल्यमान्यता एवं सिद्धान्तको पालना गर्दै संस्थागत सुशासन कायम गर्न, किसानको उत्पादन लागतमा कमी ल्याउने उदेश्यले सरल सुलभ तथा सस्तो दरमा कृषि यान्त्रिककाे व्यवस्थापन लगायतको उद्देश्यका साथ अघि बढेको अध्यक्ष मण्डलको भनाई छ ।

# परीक्षा केन्द्र अन्यत्र सारिएको निर्णय पुनरावलोकन गर्न माँग गर्दै क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी



**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**
महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजबाट परीक्षा केन्द्र अन्यत्र सारिएको निर्णय तत्काल पुनरावलोकन लगायत पाँच बुदे माग राख्दै शुक्रबार क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी गरिएको छ ।

स्ववियु सभापति रञ्जित कुमार यादवको नेतृत्वमा उक्त तालाबन्दी गरिएको हो । परीक्षा केन्द्र परिवर्तन गर्नुको स्पष्ट र आधिकारिक कारण सार्वजनिक, विद्यार्थीलाई सहज, सुरक्षित र पहुँचयोग्य स्थानमा परीक्षा सञ्चालनको व्यवस्था, परीक्षा सम्बन्धी सम्पूर्ण सूचना समयमै आधिकारिक रूपमा विद्यार्थीसमक्ष सार्वजनिक तथा विद्यार्थीको शैक्षिक हितसँग सम्बन्धित निर्णय गर्दा स्ववियु तथा विद्यार्थी प्रतिनिधिसँग आवश्यक समन्वय गर्न माग गरिएको छ ।

उपरोक्त विषयमा तत्काल ठोस पहल गरी विद्यार्थीको समस्या समाधान नगरिएमा स्वतन्त्र विद्यार्थी युनियनले विद्यार्थीहरूको शैक्षिक अधिकारको संरक्षणका लागि चरणबद्ध संघर्षका कार्यक्रम सञ्चालन गर्न बाध्य हुने सभापति यादवद्वारा जारि ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

सम्बन्धित निकायलाई समस्या समाधानका लागि तत्काल संवाद र समन्वयको वातावरण निर्माण गर्न आग्रह गर्दै उक्त पत्रमा विद्यार्थीको भविष्यसँग जोडिएको परीक्षाजस्तो संवेदनशील विषयमा पारदर्शिता, जवाफदेहिता र विद्यार्थीमैत्री निर्णय प्रक्रिया अनिवार्य रहेको जनाइएको छ ।

# जनमत पार्टीको अध्यक्षमा डा. सीके राउत निर्विरोध निर्वाचित

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**
जनमत पार्टीको राष्ट्रिय अध्यक्षमा डा. सीके राउत निर्विरोध निर्वाचित भएका छन् ।

पार्टीको दोस्रो महाधिवेशन अन्तर्गत बिहीबार मनोनयन पत्र दर्ता गर्ने कार्यत्रम रहेकोमा अध्यक्ष पदमा डा. राउतको मात्र उम्मेदवारी परेपछि उनी निर्विरोध भएका हुन् ।

जनमत पार्टीको दोश्रो महाधिवेशन आगामी असोज ९ र १० गते वीरगञ्जमा हुँदैछ । सो महाधिवेशनका लागि उम्मेदवारको प्रारम्भिक सूची अनुसार ७ जना उपाध्यक्ष पदका लागि १४ जनाको उम्मेदवारी परेको छ ।

उपाध्यक्ष पदमा वसन्तकुमार कुशवाहा (रौतहट), अनिता साह ( धनुषा), अनिता मण्डल सिरहा, डा. जयकान्त राउत (सप्तरी) नरेन्द्रप्रसाद चौधरी (कपिलवस्तु) र माधवप्रसाद सिंह (पर्सा) को उम्मेदवारी परेको छ । सोही पदमा राजकुमार यादव त्यागी (सिरहा), डा. कमरुल्लाह अंसारी ( बारा), सञ्ज्यकुमार मिश्र (रुपन्देही), मदनेशकुमार चौधरी (सप्तरी), परमेश्वर मुर्मु (मोरङ), रोसन खातुन (बारा), हरपाल सिंह सोडी (बाँके) र मनोहरी देवी वैठा (सर्लाही) को उम्मेदवारी परेको छ ।

यस्तै एक जना महासचिव पदमा ममता झा (सप्तरी), चन्दनकुमार सिंह (महोत्तरी) र संजयकुमार यादव (सिरहा)को उम्मेदवारी परेको छ ।

यसैगरि एक जना उपमहासचिवमा निर्मलकुमार मण्डल सिरहा र ललितचन्द्र मल्लिक रौतहटको उम्मेदवारी परेको छ ।

सात जना निर्वाचित हुने सचिव पदमा १० जनाको उम्मेदवारी परेको छ । सन्तोषकुमार सहनी (धनुषा), सुरेन्द्र शर्मा मधेशी (सप्तरी ), हरेन्द्र चौधरी (रौतहट), अन्जनीदेवी (महोतरी), रोहित महतो (सिरहा), पारसप्रसाद साह (बारा), राधाकुमारी यादव (बाके), बाल गोविन्द चौधरी (नवलपरासी), वीरेन्द्र महतो (जीवन त्यागी) ( महोतरी) र रामबाबु साह ( बारा)को उम्मेदवारी सचिव पदमा परेको छ ।

# राष्ट्रिय मुक्ति पार्टीका महासचिवसहित ९ जनाले दिए राजीनामा

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**
राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालका महासचिवसहित नौ केन्द्रीय सदस्यले राजीनामा दिएका छन् ।

बिहीबार मुक्ति पार्टीका महासचिव केशवकुमार झाले राजीनामा दिएका हुन् । उनीसँगै केन्द्रीय सदस्यहरू चन्द्रानन्द मिश्र, पङ्कजकुमार देव, हिरालाल मण्डल, अनुपम झा, ऋषिका जलान, कुमारी तामाङ, ललन मिश्र र शैशव राजुले राजीनामा दिएका हुन् ।

पछिल्ला राजनीतिक घटनाक्रमहरुले पुराना शैली र पुराना व्यक्तिहरुबाट अब देशको राजनीति अगाडि बढ्ने स्थिति नरहेको भन्दै आफूहरुले राजीनामा दिएको जारि विज्ञप्तिमा उल्लेख छ ।

जारि विज्ञतिमा, "जबसम्म औपनिवेशिकताको अन्त्य हुदैन तबसम्म लोकतन्त्रको प्रत्याभुती सम्भव छैन र बिना लोकतन्त्र र शान्तिको समृद्धि प्राप्त गर्न सकिदैन भन्ने परिस्थितिको आत्म समिक्षा गर्दै, अहिलेसम्म प्राप्त गरिएको उपलब्धिको लागि योगदान गर्ने सबैलाई धन्यवाद दिँदै, विचार सहितको विकल्प र विकल्प सहितको विद्रोहको निम्ति अबको यात्रा "हुंकार मधेश अभियान" संग हुने जानकारी दिँदै आफू संलग्न रहेको पार्टीबाट अलग हुने निर्णय लिएका छौं ।" उल्लेख छ ।

# हुण्डी कारोबारको आरोपमा दुई जना पक्राउ

सुनसरी, २ असोज (रासस) ।
हुण्डी कारोबारमार्फत रु एक अर्ब ५७ करोडभन्दा बढी रकमको कारोबार गरेको आरोपमा प्रहरीले विराटनगरबाट दुई जनालाई पक्राउ गरेको छ । विराटनगर महानगरपालिका-१५ रानीका ५६ वर्षीय शम्भुप्रसाद साह र विराटनगर-१७ का ३५ वर्षीय सुरजप्रसाद साहलाई जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले बिहीबार पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी चन्द्रबहादुर खड्काका अनुसार विभिन्न व्यक्तिले हुण्डी कारोबार गर्दै आएका भन्ने सूचनाका आधारमा शङ्कास्पद व्यक्तिको बैंकिङ कारोबार विश्लेषण गर्ने क्रममा शम्भुप्रसाद र सुरजप्रसादले अन्य व्यक्तिसँगको मिलेमतोमा व्यक्तिगत तथा फर्मका नाममा रहेका बैंक खाता प्रयोग गरी रु एक अर्ब ५७ करोड ६४ लाख ३९ हजार ३४० बराबरको रकम हुण्डीमार्फत कारोबार गरेको देखिएको उहाँले जानकारी दिनुभयो ।

पक्राउ परेका दुवै जनालाई मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत हुण्डीसम्बन्धी कारोबार गर्न नहुने कसुर, सङ्गठित अपराध निवारण ऐन, २०७० तथा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ बमोजिमको कसुरमा अनुसन्धानका लागि पक्राउ गरिएको सूचना अधिकारी खड्काले बताउनुभयो । पक्राउ परेका दुवै जनालाई जिल्ला प्रहरी कार्यालयमा राखी थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

# भोटेकोशी बाढीः छ सय ७७ यातायात मजदुर सम्पर्कविहीन

काठमाडौँ, २ असोज (रासस) ।
नेपाल ट्रक यातायात व्यवसायी महासङ्घले भोटेकोशी बाढीमा ६७७ जना मजदुर सम्पर्कविहीन भएका जनाएको छ ।

महासङ्घले यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलको संयोजकत्वमा बिहीबार भएको बैठकमा उक्त जानकारी दिँदै ५१५ वटा ट्रक तथा कन्टेनर हराएका बताएको हो ।

पूर्वाधार विकास मन्त्रालयले यातायात व्यवस्था विभागका महानिर्देशक पोखरेलको संयोजकत्वमा बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिको मूल्याङ्कन, क्षतिपूर्तिको आधारका विषयमा रायसहितको प्रतिवेदन तयार गर्न समिति गठन गरेको छ । समितिलाई १५ दिनभित्र रायसुझावसहितको प्रतिवेदन पेस गर्न जिम्मेवारी दिइएको छ ।

महासङ्घले बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिको प्रारम्भिक विवरण प्रस्तुत गर्दै सम्पर्कविहीन मजदुर र हराएका ट्रक तथा कन्टेनरको सङ्ख्या अझै बढ्नसक्ने जनाएको छ ।

समितिमा पूर्वाधार विकास मन्त्रालयका प्रतिनिधि, पूर्वाधार विकास मन्त्रीको सचिवालयका प्रतिनिधि यातायात व्यवसायीका प्रतिनिधि, यातायात मजदुर सङ्घ सङ्गठनका प्रतिनिधिसहित नेपाल ट्रक यातायात व्यवसायी महासङ्घका अध्यक्ष राजेन्द्रविक्रम बानियाँ र महासङ्घका महासचिव बद्रीप्रसाद चौलागाईंलगायत सदस्य हुनुहुन्छ ।

# डिभाइडरमा मोटरसाइकल ठोकिदा चालकको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, २ असोज ।**
सुनसरीको इटहरी उपमहानगरपालिका-४ मा शुक्रबार बिहान मोटरसाइकल दुर्घटना हुँदा धनकुटा नगरपालिका-२ भिरगाउँका २९ अनिल राईको मृत्यु भएको छ ।

दुर्घटनामा मोटरसाइकलमा सवार सोही स्थानका २६ वर्षीय सन्दीप राई घाइते भएका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिए ।

विराट शिक्षण अस्पतालमा अनिलको मृत्यु भएको हो भने सोही अस्पतालमा सन्दीपको उपचार जारी छ । सडकमा राखिएका डिभाइडरमा द्रुत गतिको मोटरसाइकल ठोकिएको हो ।

*गजेन्द्रनारायण ...*

कार्यबीधी २०८२ अनुसार अस्पतालको जनशक्ती र पूर्वाधारलाई ध्यानमा राख्दै आवश्यक रणनिती सहित उक्त कार्यक्रम लागु गरिएको मेसु झाको भनाइ छ ।

बिरामी र उनका आफन्तबाट बेला बेलामा विभिन्न खाले गुनासाहरु आउने तथा अस्पतालमा तनावपूर्ण अवस्था सृजना हुने भएकाले यस्तो कार्यक्रम ल्याइएको र यसलाई प्रभावकारी ढंगले लागु गर्न आवश्यक निगरानी र छड्के अनुगमन समेत गरिने मेसु डा. झाले बताए ।

वि.स.२०१३ सालमा पृथ्वी वीर उपचारकेन्द्रलाई सप्तरीको हनुमाननगरबाट राजविराज सप्तरी सारिएको थियो । २०२९ सालमा सगरमाथा अञ्चल अस्पताल नामाकरण भई ५० शैयाको अस्पतालका रुपमा स्तरोन्नती भएको थियो । २०६९ सालमा गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालका रुपमा परिणत गरीएको थियो । तर अहिले पनि ५० शैया कै रुपमा रहेको यस अस्पतालबाट हाल १ सय ५० शैयाको सेवा उपलब्ध गराउनु परिरहदा पनि समस्या देखिएको मेसु डा.झाको भनाई छ ।

डा.झा दोश्रो पटक यस अस्पतालको मेडिकल सुपरिटेन्डेण्टको जिम्मेवारी पाएका हुन । यस अघि कोरोनाकालमा निमित्त मेसुको जिम्मेवारीमा रही उनले कोरोना पीडितको उचित व्यवस्थापन र उपचारमा उत्कृष्ट सेवा प्रदान गरेका थिए ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*